**कोहलपुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०७५/१०/०५)**

यस कार्यालयबाट चालु आ.ब. २०७५/०७६ मा यस कार्यालय अन्तरगत संचालन हुने तपशिल बमोजिमका योजनाहरुको निर्माण काम ठेक्काको माध्यमबाट गराउनुपर्ने भएकाले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७४/०७५ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी(पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मिति ३० औ दिन कार्यालय समयभित्र यस कार्यालयबाट ईच्छुक बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको कृषि विकास बैंक, कोहलपुर स्थित राजस्व खाता नं. ०७२०५०१०००२३५२२५ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औ दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्न सकिने छ ।

३. दर्ता भएका बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ३१ औ दिन दिनको १३:०० बजे यस कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. शिलबन्दी बोलपत्र/ [redacted] फारामसाथ जमानत वापत तोकिएको रकम कृषि विकास बैंक, कोहलपुर शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट बिडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० औ दिन म्याद भएको बिडवण्डको सक्कल संलग्न गर्नुपर्नेछ ।

५. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) बमोजिम हुनेछ । बोलपत्र सम्बन्धि थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

### बोलपत्र सम्बन्धि कार्यको विवरण

| क्र. सं. | ठे.नं. | कामको विवरण | ल.ई.रकम(भ्याट बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/ W/NCB-6/2075/76 | Mahendra Highway Duduwa to Rohini Khola Drain Construction Work (Kramagat) - Chainage(0+000-0+090) | 42,39,229.76 | 1,25,000.00 | 3,000.00 |
| 2 | BANKE/KOMUN/ W/NCB-7/2075/76 | Ward no.4 Gohawa Gaun Rajhena Connection Blacktop Road - Chainage (0+000-0+150) | 30,13,042.12 | 90,000.00 | 3,000.00 |
| 3 | BANKE/KOMUN/ W/NCB-8/2075/76 | Ward no.14 Hawaldarpur to 7 no. ward Lakhana Rajagadawa Kamdi Connection Blacktop Road - Chainage(0+000-0+230) | 47,37,868.89 | 1,40,000.00 | 3,000.00 |
| 4 | BANKE/KOMUN/ W/NCB-9/2075/76 | Krishna Ma.Vi. Bardahawa TripuraGan Connection Blacktop Road (Kramagat) - Chainage (0+000-0+185) | 38,77,026.87 | 1,15,000.00 | 3,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**